मिति २०७६ जेठ १३

## मासिक प्रतिवेदन बैशाख-२०७६

### *बैशाख महिनामा मात्रै १८८ जना महिलामाथि हिंसा*

मिति २०७६ जेठ १३

ललितपुर, नेपाल

नेपालको संविधानले सबै प्रकारको लैङ्गिक विभेदको अन्त्य र समानतामूलक समाजको परिकल्पना गरेको छ। यद्यपी महिला र पुरुषलाई हेर्ने सामाजिक/सांस्कृतिक मूल्य-मान्यतामा आधारित असमान दृष्टिकोणका कारण पुरुष सदस्यबाट महिलाहरुमाथि विभेद र हिंसा हुँदै आएको छ । जसले गर्दा महिलाको स्वतन्त्र नागरिकका रुपमा बाँच्न पाउने अधिकार हनन् भएको छ ।

विषयवस्तु

ओरेक नेपालले आफ्नो कार्यालयमा अभिलेखिकरण गरेका (१५७) तथा विभिन्न राष्ट्रिय पत्रपत्रिकाहरुबाट प्राप्त (३१) तथ्याङ्कका आधारमा बैशाख महिनामा १८८ वटा लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क संकलन भएको छ ।




ओरेकले अभिलेखीकरण गरेको तथ्याङ्कलाई विश्लेषण गर्दा बैशाख महिनामा १०९ वटा (जम्मा घटनाको ५८ प्रतिशत) घरेलु हिंसाको तथ्याङ्क संकलन भएको छ । यसैगरी २१ प्रतिशत (४० वटा) यौन हिंसाका घटना, १३ प्रतिशत (२४ वटा) सामाजिक हिंसाको घटना भएको पाइएको छ । यसरी नै ६ प्रतिशत (११

वटा) हत्याका घटना छन् भने जम्मा घटनाको २ प्रतिशत घटनाहरु माथिका बाहेक अन्य प्रकारका रहेका छन् । अन्यमा ४ वटा घटना मध्ये एउटा १ जनालाई अलपत्र पारीएको र ३ वटा अनलाइन मार्फत हिंसा भएका  तथ्याङ्क प्राप्त भएको छ । यी सबै हिंसाका घटना पूरुषबाट भएको पाइएको छ ।







उमेरको आधारमा विश्लेषण गर्दा बैशाख महिनामा मात्रै सबैभन्दा बढी २६ देखि ३५ बर्ष उमेर समुहका महिलाहरु हिंसामा परेका छन् जो जम्मा संख्याको ३५ प्रतिशत (६६ जना) छ ।यसपश्चात हिंसामा पर्ने सबै भन्दा बढी १७ देखि २५ बर्ष उमेर समुहका छन् जुन ३१ प्रतिशत (५८ जना) छ । त्यसैले ३५ बर्ष भन्दा कम उमेर समुहका महिलाहरु बढि हिंसाको जोखिममा रहेको पाइएको छ ।

यस्तै, हिंसामा संलग्न पुरुषहरुको उमेरको विश्लेषण गर्दा सबैभन्दा धेरै २६ देखि ३५ वर्ष उमेर समुहका छन् । यो उमेर समुहका ३६ प्रतिशत (६७ जना), ३६ देखि ४५ बर्ष उमेर समुहका २६ प्रतिशत (४९ जना) र १७ देखि २५ वर्ष उमेर समुहका १८ प्रतिशत (३४ जना) पुरुषहरु हिंसामा संलग्न भएको पाइएको छ ।




प्रभावित र आरोपितको सम्बन्धलाई बिश्लेषण गर्दा, सबैभन्दा बढी ५४ प्रतिशत (१०२ वटा) हिंसा श्रीमानबाट भएको छ भने १६ प्रतिशत (३० वटा) हिंसाका घटना छिमेकीबाट भएको छ र १४ प्रतिशत ( २६ वटा) परिवारका सदस्यवाट भएको पाइएको छ ।

निष्कर्ष

तथ्याङ्कलाई विश्लेषण गर्दा महिलाहरु सबैभन्दा बढी घरभित्र र चिनजानेका बाट नै असुरक्षित रहेको देखिन्छ । त्यस्तै २६ देखि ३५ वर्ष उमेर समूहका महिला माथि सोही उमेर समूहका पुरुषहरुमार्फत नै हिंसा भइरहेको पाइएको छ । यसले समाज परिवर्तनका संवाहकका रुपमा रहनु पर्ने सोही उमेर समूह नै हिंसाको लागि जिम्मेवार भइदिँदा यसले समाज परिवर्तनसंगै सामाजिक न्याय र समग्र देश विकासमा नै बाधा पुऱ्याउने देखिन्छ भने सोही समूहका महिलामाथि बढ्दै गएको हिंसाले महिलाको स्वतन्त्र र सम्मान पूर्वक बाँच्न पाउने अधिकार हनन् भएको छ । तसर्थ यसतर्फ सम्बन्धित सरोकारवालाहरुको समयमा नै ध्यान जान जरुरी छ ।

लुभराज न्यौपान
कार्यकारी निर्देशक